मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १४३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत २७ गते मंगलवार (Tuesday, 9 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

*दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा*
-चिनीयुक्त, वा दाँतमा टाँसिने खालका खानेकुरा कम खाऔं ।
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं
-फ्लोराइडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रस गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सूर्तीजन्य पदार्थ तथा मद्यमान सेवन नगरौं,
नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

संकटमा कोशी प्रदेश सरकार

# ५३ सांसदद्वारा समर्थन फिर्ता

**बिर्तामोड, चैत २६।** सत्ता समीकरण फेरबल भएसँगै प्रदेश सरकार परिवर्तन हुने भएको छ । केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसंगै कोशी प्रदेशका ५३ सांसदले मुख्यमन्त्री केदार कार्कीलाई विश्वासको मत दिएका एमाले र माओवादी केन्द्रले सोमवार समर्थन फिर्ता लिएका छन् ।

उनीहरुले हिक्मत कार्कीलाई मुख्यमन्त्रीको वैकल्पिक दाबी पेश गरेका छन् । संविधानको धारा १६८ को उपधारा (५) बमोजिमको प्रदेशसभा सदस्यको हैसियतमा प्रदेश प्रमुखबाट मुख्यमन्त्री नियुक्त कार्कीलाई समर्थन गरेका एमालेका सांसदहरुले समर्थन फिर्ता लिएका हुन् ।

सत्ता घटक दल माओवादी केन्द्रसँग पटक-पटकको छलफल र संवादपछि एमाले सांसदहरुले प्रदेश प्रमुख परशुराम खापुङसमक्ष समर्थन फिर्ता लिएको लिखित जानकारी गराएका हुन् । एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीका अनुसार ३९ जनाले प्रदेश प्रमुख र सभामुखलाई भेटेर समर्थन फिर्ता लिने जानकारी दिएका छन् । साथै माओवादी केन्द्रका सांसदले पनि वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै सरकारविरुद्ध ५३ सांसद एक भएका हुन् ।

गठबन्धन दलले मुख्यमन्त्रीलाई दिएको समर्थनका साथै कात्तिक १ गते दिएको विश्वासको मत र सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि अब मुख्यमन्त्रीले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मत लिनुपर्ने एमालेको दाबी छ ।

बहुमत सदस्यहरुको समर्थन फिर्तापछि मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेको एमालेले दाबी गरेको छ । उनीहरुले कोशी प्रदेशमा वैकल्पिक सरकारको गठनको माग गर्दै सत्ताधारी दलहरु एमाले-माओवादी प्रदेश प्रमुखसमक्ष सोमबार निवेदन दिएका छन् । मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेको भन्दै ती दलहरुले प्रदेश प्रमुख खापुङसमक्ष निवेदन दिएका हुन् ।

निवेदनमा एमाले प्रदेशसभा संसदीय दलका नेता कार्कीलाई मुख्यमन्त्री बनाउन आग्रह गरिएको छ । कोशी प्रदेश सरकारबाट बाहिरिएको नेकपा एमाले र माओवादी केन्द्रले मुख्यमन्त्री कार्कीलाई चार आरोप लगाएका छन् ।

असोज २७ मा कार्कीलाई मुख्यमन्त्री बनाउन समर्थन गरेको नेकपा एमाले १८ कात्तिकमा सरकारबाट बाहिरिएको थियो, तर समर्थन फिर्ता लिएको थिएन ।



चौथो आरोप भने मुख्यमन्त्री कार्कीले प्रादेशिक संरचनाको प्रतिष्ठामै आँच आउने व्यवहार प्रदर्शन गरेको उल्लेख छ ।

यसैबीच सरकार गठनको अन्तिम विकल्प संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री बनेका केदार कार्की अल्पमतमा परेको भन्दै एमाले र माओवादी केन्द्रले हिक्मतकुमार कार्कीको नेतृत्वमा सरकार बनाउनका लागि राजनीतिक दाबी पेश गरेका हुन् । दाबी अनुसार भए अबको एक महिनाभित्र कार्की तेस्रोपटक मुख्यमन्त्री बन्ने छन् । प्रदेश सरकारलाई दिएको समर्थन र विश्वासको मत फिर्ता लिएको माओवादी र एमालेले सोमबार नै वैकल्पिक सरकारका लागि दाबी पेश गरेका हुन् ।

संविधानको धारा १६८ को ५ अनुसार गठन भएको सरकार अल्पमतमा परेकाले अर्को सरकार गठनको सहजताका लागि प्रदेश प्रमुख समक्ष राजनीतिक दाबी पेश गरिएको नेकपा एमालेका प्रमुख सचेतक भण्डारीले बताए ।

**कोशी प्रदेश सरकारका तीन मन्त्रीद्वारा राजीनामा**

कोशी प्रदेश सरकारका तीन जना मन्त्रीले सोमबार सामुहिक राजीनामा दिएका छन् ।

खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री नारायणबहादुर मगर, सामाजिक विकासमन्त्री राजेन्द्र कार्की र पर्यटन, वन तथा वातावरणमन्त्री गणेशप्रसाद उप्रेतीले पदबाट राजीनामा दिएको मुख्यमन्त्रीका सञ्चार सल्लाहकार देवनारायण साहले जानकारी दिए ।

सत्ता समीकरण फेरबदल भएसंगै उनीहरुले राजीनामा दिएका हुन् । कोशी प्रदेश सरकारबाट बाहिरिने निर्णय गरेको नेकपा माओवादी केन्द्रका तीन मन्त्रीले राजीनामा बुझाएका हुन् ।

**प्रदेशसभाको अधिवेशन जेठ ११ मा**

कोशी प्रदेशको आगामी अधिवेशन जेठ ११ मा बोलाउन सिफारिस गरिएको छ । सोमबार कोशी प्रदेश सरकारको तर्फबाट बजेट अधिवेशन जेठ ११ गते बोलाउन प्रदेश प्रमुखलाई सिफारिस गरिएको हो ।

सत्ता साझेदार दलहरूले सरकार परिवर्तनको प्रकृयामा गएकै बेला मुख्यमन्त्री केदार कार्कीले प्रदेश सभाको बजेट अधिवेशन बोलाउन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेका हुन् ।

कोशी प्रदेशमा एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कार्की प्रदेशसभामा अल्पमतमा पुगेका छन् । उनलाई समर्थन गरेको एमालेका प्रदेशसभा सदस्यहरूले समर्थन फिर्ता लिएका छन् भने माओवादी केन्द्रसमेत सरकारबाट बाहिरिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## १० बङ्गलादेशीलाई अध्यागमनमा बुझाइयो




**काठमाडौँ, चैत २६।** भिसा सकिएर नेपालमा अवैधरुपमा बसिरहेका १० जना बङ्गलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरी आइतबार अध्यागमन विभागमा बुझाएको छ ।

विभिन्न मितिमा नेपाल प्रवेश गरी भिसा सकिए पनि गैरकानूनीरूपले बसोबास गर्नुका साथै शङ्कास्पद गतिविधिमा संलग्न रहेको सूचनाका आधारमा खोजतलास गर्दा १० जना बङ्गलादेशी नागरिक पक्राउ परेका हुन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार प्रहरीको विशेष टोलीले काठमाडौँको सोह्रखुट्टे तथा ठमेल क्षेत्रबाट गैरकानूनी तवरले बसिरहेका उनीहरुलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ पर्नेमा मोहम्मद अनिसुर रहमान, मोहम्मद अब्दुल्ला, मोहम्मद इमाउल हसन, मोहम्मद हाफिज रहमान, सजिव हसन, सैफुल इस्लाम, मोहम्मद विलल हसन, मोहम्मद सलिम, मोहम्मद नासिर उद्दीन र मोहम्मद एसिन खान रहेका छन् ।

एसपी रेग्मीले पक्राउ परेका उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सोमबार अध्यागमन विभाग, कालिकास्थान पठाइएको बताए । यसअघि पनि यसैगरी शङ्कास्पद गतिविधि गरिरहेको पाइएपछि प्रहरीले पाँच जना बङ्गलादेशी नागरिकलाई पक्राउ गरी अध्यागमनलाई बुझाएको थियो । पछिल्लो समयमा बङ्गलादेशी नागरिकलाई युरोप पठाउने भन्दै नेपालमा ल्याएर बन्धक बनाउने तथा अवैधरुपमा नेपाल बस्ने घटना देखिन थालेकाले निगरानी बढाइएको प्रहरीले जनाएको छ ।

## वन डढेलोले अस्वस्थ वायु

**काठमाडौँ, चैत २६।** मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायु प्रदूषण बढेको छ । डढेलोका कारण काठमाडौँ र पोखरालगायतका देशका मुख्य शहरमा वायु प्रदूषण उच्च मापन गरिएको छ ।

'एयर क्वालिटी इन्डेक्स'का अनुसार सोमबार दिउँसो विश्वका प्रदुषित सहरको सूचीमा काठमाडौँ तेस्रो स्थानमा छ । काठमाडौँको सोमबार वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) एक सय ६५ छ । वातावरण अभियन्ता राजन थापाका अनुसार एक्यूआई एक सयभन्दा माथि भएमा वायु अस्वस्थकर मानिन्छ ।

वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) शून्यदेखि ५० सम्म स्वस्थ्यकर, ५१ देखि एक सयसम्म मध्यम, एक सयदेखि एक सय ५० सम्म अस्वस्थ्यकर र एक सय ५० देखि दुई सयसम्मलाई अति अस्वस्थ्यकर मानिन्छ-, थापाले भने ।

उनका अनुसार काठमाडौँ उपत्यकामा दरबारमार्गमा एक सय ८४, खुमलटारमा एक सय ५८, भक्तपुरमा क्यान्सर अस्पतालमा एक सय ७४, रत्नपार्कमा एक सय २० एक्यूआई मापन गरिएको छ । जुन स्वास्थ्यका दृष्टिकोणले अति अस्वस्थकर भएको उनको भनाइ छ ।

अभियन्ता थापाका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार पाँच सयको हाराहारीमा डढेलाको घटना घट्छन् । ८० प्रतिशत वन डढेलाको घटना फागुन मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटनाहरु हुने गरेको पाइन्छ- उनले भने -मध्य फागुनदेखि जेठ मध्यसम्म डढेलाको घटनाहरु हुने भएकाले यो समयमा सतर्क हुनु जरुरी हुन्छ। उनले यतिबेला वन डढेलो, निर्माणाधीन पूर्वाधारका साथै धुलोधुवाँ प्लाष्टिक बाल्दा तथा सवारी साधनका कारण पनि वायु प्रदूषण हुने गरेको बताए । प्रदूषण कम गर्न सडक बिस्तार तथा निर्माणका साथै सवारी साधन जाँचपासमा पनि ध्यान दिन जरुरी छ - उनले भने-प्रदूषण नियन्त्रणका योजनाको उचित कार्यान्वयनका आवश्यक छ ।

सडक निर्माण/बिस्तार व्यवस्थित नहुनु, सडक व्यवस्थापनको सट्टा बिस्तारमा मात्र जोड दिनु, वातावरणमैत्री सवारी साधनलाई प्राथमिकता नदिनुलगायतका समस्याले पनि वायु प्रदूषण नियन्त्रणमा समस्या भएका उनको बुझाइ छ ।

मौसमविद् वरुण पौडेलले अझै एक सातासम्म वर्षाको सम्भावना नभएकाले डढेलो नियन्त्रणमा कठिनाइ हुनसक्ने बताएका छन् । उनले तत्काल ठूलो वर्षा नहुने भएकाले सुक्खा बढ्ने र तातोहावा चल्ने सम्भावना छ । यसले डढेलो बढाउनसक्छ- उनले भने ।

डढेलोविद् सुन्दर शर्माका अनुसार मुलुकभर लागेको डढेलोको असर काठमाडौँलगायतका शहरमा वायु प्रदूषण देखिएको हो । उनका अनुसार बढ्दो डढेलाको धुवाँका कारण

(बाँकी अन्तिम पृष्ठमा)

## सेवा विस्तारसँगै सेवाग्राही बढे

**कमल, चैत २६।** झापाको कमल गाउँपालिका -२ स्थित कमलनगर अस्पतालमा सेवा विस्तार भएसँगै सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएको छ ।

तत्कालीन तोपगाछी स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी कमलनगर अस्पतालबाट सेवा सञ्चालन गरेको तेह्र महिना पुग्नै लाग्दा सेवाग्राहीको सङ्ख्या वृद्धि भएको अस्पतालले




जनाएको छ । स्वास्थ्य चौकी हुँदा दैनिक

(बाँकी अन्तिम पृष्ठमा)

## सेक्युरिटी गार्डका परिवारलाई बिमा रकम

**भद्रपुर, चैत २६।** भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलमा ड्युटी गर्दागर्दै मृत्यु भएका सेक्युरिटी गार्ड इञ्चार्ज भद्रपुर- ६ का कुमार बोगटीको परिवारलाई सिटीजन लाइफ इन्स्योरेन्सले सामूहिक म्यादी जीवन बिमा रकम बराबरको चेक हस्तान्तरण गरेको छ ।

हस्पिटलका प्रबन्ध निर्देशक बालकुमार पोखरेल (साइराम) ले



मृतककी श्रीमती सुभद्रा बोगटीलाई सामुहिक म्यादी जीवन बिमा बापतको ३ लाख ६७ हजार ५०० रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका हुन् । अस्पतालले कर्मचारीहरूको सामुहिक म्यादी जीवन बिमा गरिदिए वापतको बिमा रकम ३ लाख ५० हजार र काजकिरिया खर्च बापत १७ हजार

(बाँकी अन्तिम पृष्ठमा)

**फ्ल्याट भाडामा**

बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ ।

सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९

## किच्चकबध संरक्षणमा सरकार उदासीन, फेला पर्‍यो भवनको भग्नावशेष

**पार्थ मण्डल**

**भद्रपुर, चैत २६।** पुरातत्व विभागले महाभारतकालीन किंवदन्तीसँग जोडिएको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल किचकबधमा सातौँ पटक उत्खनन सम्पन्न गरेको छ ।

विभागले सातौँ पटकसम्म उत्खनन गर्दासम्म पनि किचकबध स्थलको अझै संरक्षण भएको छैन । भद्रपुर नगरपालिका वडा नं. २ र ३ को सीमासँग जोडिएको किचकबधमा २२ सय वर्ष पुरानो ऐतिहासिकता दर्शाउने खालका भग्नावशेषहरु फेला पर्दै आएको छ ।

देउनियाँ खोला किनारको डाँडामा



१० बिगाह क्षेत्रफल फैलिएको किचकबधमा पुरातत्व विभागको नजर २०५८ सालमा परेको थियो । २२ वर्ष भइसक्दा पनि किचकबधको संरक्षणमा सरकारी निकाय उदासीन देखिएको छ ।

'उत्खनन गरिएको क्षेत्रको ऐतिहासिक संरचनाको संरक्षण गर्नुपर्ने हो,'- पुरातत्व विभागका अधिकृत नवीन अधिकारीले भने - 'सवारीसाधन निर्वाध रुपमा संरक्षित क्षेत्रमा प्रवेश गरिरहेका छन्, त्यसलाई तत्काल रोकेर खुला बाटाहरू बन्द गरिनुपर्छ ।'

पुरातत्व विभागका कर्मचारी आएर किचकबधको संरक्षण गर्न सम्भव नभएको बताउँदै अधिकृत अधिकारीले भने -'यसको निम्ति किचकबधको आफ्नै समिति छ, स्थानीय सरकार छ, स्थानीय

(बाँकी अन्तिम पृष्ठमा)

## मोटरसाइकल चोरी गर्ने पक्राउ

**बिर्तामोड, चैत २६।** झापाको बिर्तामोडमा चोरीको मोटरसाइकलसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भद्रपुर नगरपालिका- ९ निवासी १९ वर्षीय हरि गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

बिर्तामोड नगरपालिका-८ स्थित डाँडागाँउबाट गुरुङलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले मे १० प ३२०७ नम्बरको होण्डा साइन कम्पनीको मोटरसाइकल चोरी गरेर लैजाँदै गरेको अवस्थामा गुरुङ पक्राउ परेको जनाएको छ । उनलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको छ ।



# श्रम शोषणमा परेकी सपनाको उद्धारका लागि आग्रह

**झापा, चैत २६।** वैदेशिक रोजगारीका लागि कुवेत गएकी मेचीनगर नगरपालिका-८ की २८ वर्षीया सपना ठटालले आँफूलाई रोजगारदाताले बन्धक बनाएर श्रम शोषण गरिरहेको जनाउँदै उद्धारका लागि आग्रह गरेकी छन् ।

काठमाडौँका नारायण थापा नामका एजेन्टले अल्फा नामक मेनपावर कम्पनीमार्फत मासिक रु. ४० हजार पारिश्रमिक हुने प्रलोभन देखाएर उनलाई सात महिना अघि कुवेत पुऱ्याएको सपनाका पति श्यामबहादुर ठटालले बताए ।

मध्य कुवेतबाट ३२ किलोमिटर पश्चिमस्थित अल जहार शहरमा घरेलु कामदारका रुपमा पुऱ्याइएकी सपनाले १० दिन अघि साथीको मोबाइलमार्फत पतिसँग सम्पर्क गरी आफ्नो नाजुक अवस्थाबारे जानकारी गराउँदै जतिसक्दो छिटो उद्धार गरिदिन आग्रह गरेकी हुन् ।

कुवेत गएको चार महिनादेखि सम्पर्कविहीन अवस्था थियो- सपनाका पति श्यामबहादुरले भने -१० दिनअघि एक्कासि फोन आयो, साथीको फोनबाट लुकेर सम्पर्क गरेको बताएकी थिइन्, बिना पैसा रातदिन काम लगाउने गरेको र केही बोल्यो भने उल्टै साहुनीले कोठामा थुनेर कुटपिट गर्ने गरेको बताउँदै जतिसक्दो छिटो उद्धार गरिदिनु भनेर भनिन् ।

सपना जस्तै थुप्रै महिलालाई कोठामा थुनेर राख्ने गरेको र कामका लागि गाडीमा हालेर टाढासम्म पुऱ्याउने गरेको सपनाका पति श्यामबहादुरले पत्नीको भनाइ उद्धृत गर्दै बताए । सपनाको मोबाइल खोसेर परिवार र साथीसँग सम्पर्कविहीन बनाएर श्रम शोषण गरिरहेको उनले जानकारी दिए ।

कुवेत गएपछि एकपटक रु. ४० हजार पठाएको र त्यसपछि सम्पर्क टुटेको सपनाकी आमा कृष्णमाया परियारले बताइन् । नाताले भाउजु पर्ने पुष्पा दर्जीमार्फत एजेन्ट थापासँग सम्पर्क भएको र पुष्पा पनि हाल कुवेतमै रहेको कृष्णमायाले बताइन् ।

काठमाडौँ घर बताउने एजेन्ट थापाले पीडितलाई उद्धार गरेर नेपाल ल्याउन रु. नौ लाख फिरौती रकम मागेको कृष्णमायाले जानकारी दिइन् । नौ लाख दिनु, म सपनालाई झिकाइदिन्छु भनेर नारायण थापाले भन्नुभयो - कृष्णमायाले भनिन् - पुष्पा दर्जीलाई सम्पर्क गर्दा उहाँले पनि केही मद्दत गर्न नसक्ने बताउनु भयो ।

दैनिक ज्यालादारी गरेर गुजारा चलाउँदै आएको आफ्नो परिवारसँग फिरौती रकम बुझाउने कुनै सम्भावना नरहेको उनले बताइन् । वैदेशिक रोजगारीमा जान सपनाले बनाएको कागजातअनुसार उनको विसं २०८० भदौ १८ गते कुवेतको भिसा जारी भएको छ भने त्यसको बैधता चार महिना अर्थात् गत पुस १८ गतेसम्म मात्र भएको पाइएको छ ।

सपनाको भिसा कागजात अनुसार उनलाई घरेलु कामदारका रुपमा कुवेतको मोदार रियल इस्टेटमा लगेको देखिन्छ । त्यहाँको ठेगाना अल जहरा ब्लक-८, सडक-१६० भएको पनि कागजातमा उल्लेख छ । छोटो अवधिको भिसा बनाएर विदेशमा लैजाने र भिसाको म्याद गुज्रिएपछि अवैध रुपमा काममा लगाएर श्रम शोषण गर्ने गिरोहको फन्दामा पीडित महिला परेको हुनसक्ने आशंका छ । विदेश लैजाँदा लागेको सबै खर्च एजेन्ट थापाले नै व्यहोरेको बताइएको छ ।

कुवेतमा बन्धक जस्तै अवस्था भोगी रहेकी सपनाका दुई छोरा छन् । सानो छोरा १४ महिनाको छ । उनका पति श्यामबहादुर ट्याक्टरमा मजदुरी काम गर्दै आएका छन् । आमा कृष्णमायाले छोरीको सकुशल उद्धार गरी नेपाल ल्याइदिन नेपाल सरकारसँग अनुरोध गरेका छन् ।

# ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक



**भक्तपुर,चैत २६।** जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले देशभरका ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक पुगिसकेको जनाएको छ ।

चैत १३ गतेसम्म कूल एक करोड ७० लाख थान पुस्तक छपाइ गरी हालसम्म ८० प्रतिशत पुस्तक बिक्री गरिसकेको केन्द्रका महाप्रबन्धक अनिलकुमार झाले जानकारी दिए ।

उनले आजसम्म ७५ जिल्लामा पुस्तक पुगिसकेको जानकारी दिए । उनका अनुसार आजदेखि सोलुखुम्बू, बाँके र बर्दियामा पाठ्यपुस्तक वितरण शुरु भएको छ । कैलालीमा भने मंगलवारदेखि पुस्तक बिक्री शुरु गरिनेछ । उनले यही चैत २८ गतेसम्म सबै जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गर्ने गरी काम भइरहेको बताए ।

स्थानीय तहले विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा नगर्दा पाठ्यपुस्तक बिक्रीमा केही ढिलाइ भएको उनको भनाइ छ । उनले सोलुखुम्बूका स्थानीय तहलाई पत्राचार गरेको १० दिनपछि रकम निकासा भएको जानकारी दिए । दुर्गम जिल्लाका विद्यालयमा पाठ्यपुस्तक वितरणपछि काठमाडौं उपत्यकामा शरु गरिने उनको भनाइ छ ।

# नेतृत्व छान्न इलामका मतदाता उत्साहित

**इलाम, चैत २६।** इलाम क्षेत्र नं २ का मतदाता आफ्नो जनप्रतिनिधि छान्न उत्साहित छन् । यहाँ आगामी वैशाख १५ गते उपनिर्वाचन हुँदैछ ।

गत भदौ २५ गते यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधनभएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनमा २० उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

इलाम नगरपालिका-८ महमाईका कुबेर राईलाई उपनिर्वाचनको चहलपहलले उत्साहित बनाएको छ । सात महिनादेखि हामीले चियाको मूल्य, दुग्ध उत्पादनको बजार, मेची राजमार्गको अस्तव्यस्त अवस्थालगायत समस्या सङ्घीय संसदमा उठाउने जनप्रतिनिधि पाउन सकेका छैनौं - उनले भने- हाम्रा समस्याको उठान गर्ने प्रतिनिधिको खोजीमा छौं ।

यस्तै सन्दकपुर गाउँपालिका-३ का विशाल ढकालले उपनिर्वाचनपछि सात महिनादेखि सङ्कलन गरेर राखेका गुनासा नयाँ नेतृत्वलाई सुनाएर समाधान माग्ने बताए । अहिले घरघरमा आएर सबै उम्मेदवार भोट माग्दै हुनुहुन्छ । हामी सबैलाई मत दिन्छौं भनिरहेका छौं । तर योग्य उम्मेदवारलाई इलामवासीले चुन्छन्,- उनले भने - हाम्रा गुनासा र समस्याका चाङ छन् । समाधान गर्न निर्वाचित प्रतिनिधिलाई दबाब दिन्छौं ।

फाकफोकथुम गाउँपालिका-४ का रघुनाथ भण्डारीले सडक, स्वास्थ्य, शिक्षा र कृषिमा परिवर्तन ल्याउन सक्ने उम्मेदवार छनोट गर्ने सोचमा रहेको बताए । सडकको मर्मत छैन, कृषिमा अनुदान छैन, राम्रो अस्पताल र गुणस्तरीय शिक्षा पाउन सकेका छैनौं । अब निर्वाचित हुने प्रतिनिधिले हाम्रा यी माग सम्बोधन गर्नुपर्छ - उनले भने ।

नेपाली कांग्रेसका डम्बर खड्का, सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माओवादी) का साझा उम्मेदवार सुहाङ नेम्बाङ, र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मिलन लिम्बू चुनावी मैदानमा छन् ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेकपा (एकीकृत समाजवादी) का जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, पहिचानवादीका डकेन्द्रसिंह थेगिम, नेपाल मजदुर किसान पार्टीका श्याम दर्जी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम शाह, नेसनल रिपब्लिक नेपालका धनराज राना मगर, मङ्गोल नेशनल अर्गनाइजेशनका मणिबहादुर लिम्बू र नेपाली जनता दलका रेशमबहादुर सुनुवार पनि चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

यसैगरी, स्वतन्त्र उम्मेदवारहरु क्रमशः डाकप्रसाद गौतम, दीपेश बोहोरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बस्याल पनि चुनावी भीडन्तमा सामेल छन् ।

उपनिर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई मुख्य निर्वाचन अधिकृत तोकेको छ । इलाम-२ मा ७९ मतदानस्थल र एक सय ४९ मतदान केन्द्र रहेका छन् । यी केन्द्रमा आठ सय ९४ कर्मचारी परिचालन हुनेछन् । निर्वाचन आयोगका अनुसार यही चैत २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिनेछ । चैत २८ देखि वैशाख १२ गतेसम्म प्रचारको अवधि तोकिएको छ ।

## किच्चकबध ...

सरोकारवाला छ, उनीहरूले नै यसको संरक्षणमा जागरूकता देखाउनु पर्ने आवश्यकता महशुस गरेको छु ।'

यो स्थल भद्रपुर नगरपालिकाको सम्पत्ति हो । पुरातत्व महत्वको दृष्टिकोणले यस क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि कार्य योजना बनाएर अघि बढ्नु पर्ने बेला आएको भन्दै भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले भने -यहाँ धेरै वर्ष पुरानो ऐतिहासिकता झल्काउने खालको संरचनाहरू फेला परेका छन् । यसको संरक्षण गर्ने, अझै उजागर गर्ने, आकर्षणको केन्द्रबिन्दु बनाउनु पर्छ भनेर नगरपालिकाले मेची बहुमुखी क्याम्पससँग सहकार्य गरेर अघि बढ्ने बताउँदै नगर प्रमुख पोखरेलले भने - 'क्याम्पसमा यस सम्बन्धी पढाइ पनि हुन्छ, त्यहाँ एउटा रिसर्च सेन्टर पनि छ, उहाँहरूसँग सहकार्य गर्ने भनी कार्य योजना बनाएर अघि बढिसकेका छौं ।' साथै नगरपालिका पुरातत्व विभाग, प्रदेश सरकार र सङ्घीय सरकारसँग पनि सहकार्य गरेर यसलाई जोगाउन अघि बढ्ने उनको भनाइ छ ।

यो पुरानो धार्मिक तथा पौराणिक इतिहाससँग जोडिएको कारणले यसको संरक्षण र सम्वर्द्धन गर्न अब ढिला नगरी अघि बढ्नुपर्ने आवश्यकता रहेको भद्रपुर -२ नम्बर वडा अध्यक्ष राम कँडेलले बताए । वडा कार्यालयले निरन्तर यहाँको समितिसँग सहकार्य र छलफल गरिरहेको बताउँदै उनले भने- 'यो नगरको एउटा गहना हो, धार्मिक, पर्यटकीय र पुरातात्विक महत्व बोकेको यस क्षेत्रको विकास र उन्नतिका लागि सबै लाग्नुपर्छ ।'

किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेका अनुसार किचकबधलाई जिल्लाको मात्र नभई देशकै उत्कृष्ट गन्तव्य बनाउन १ अर्ब ५३ करोड ६० लाख बराबरको गुरुयोजना निर्माण गरिएको थियो । गुरुयोजना पुरातात्विक विभाग र पर्यटन मन्त्रालयमा समेत पेश गरिएको थियो । तर बजेट अभावमा यसको संरक्षण र सम्वर्द्धनमा काम गर्न नसकेको उनले बताए । यो गुरुयोजना पनि कागजमै सीमित हुन पुगेको उनको भनाइ छ ।

**यस पटक भवनको भग्नावशेष फेला**

किचकबधमा ऐतिहासिकता दर्शाउने एउटा भवनको भग्नावशेष फेला परेको छ । अर्को पनि एउटा भवनको पूर्ण भाग फेला पर्ने सम्भावना रहेको पुरातत्व विभागले जनाएको छ । विभागले चैत १ गतेदेखि सातौं पटक उत्खनन शुरु गरेको हो ।

यस पटक गरिएको उत्खननबाट ऐतिहासिकता दर्शाउने एउटा भवनको भग्नावशेष फेला परेको पुरातत्वविद् उद्धव आचार्यले बताए । पुरानो मन्दिर भएको स्थानमुनि अर्को पनि एउटा भवनको पूर्ण भाग फेला पर्ने सम्भावना रहेको पुरातत्वविद् आचार्यको दाबी छ । उत्खनन गर्दै जाँदा अझै पुराना केही प्रमाणहरू फेला पर्ने सम्भावना पनि रहेको उनले बताए । उत्खनन गरिएका अधिकांश स्थानमा सेक्युरिटी पोष्ट (सैनिक भवन) चाहिँ फेला परिसकेको बताउँदै उनले भने- 'त्यस बेला सामान्य मान्छे त पक्कै पनि यहाँ बस्दैन थियो होला ? को बस्थ्यो भन्ने यकिन प्रमाण चाहिँ अझै फेला नपरिसकेको अवस्था छ ।' यसलाई महाभारतकालीन किंवदन्तीसँग जोडिएको स्थल भनेर भन्ने गरिन्छ । अहिलेसम्मको उत्खननले त्यसलाई पुष्टि गर्ने आधार र प्रमाण फेला परेको छैन । 'उत्खनन गर्दै जाँदा महाभारतकालीन किंवदन्तीसँग जोडिएको प्रमाण फेला परेमा मात्र यसलाई पुष्टि गर्न सकिन्छ,' -उनले भने ।

यी संरचनाबाट धेरै पुरातात्विक सामग्री फेला परेका र तिनीहरूको कार्बन परीक्षण लगायतका परीक्षणबाट यो स्थल इसापूर्व भारतमा शुंग-कुषाणकाल र नेपालमा किराँतहरूको शासन अर्थात् १ सय २० देखि २०० इसापूर्वको अर्थात् आजभन्दा २२ सय वर्ष पुरानो पुष्टि भएको उनको भनाइ छ । मेरै नेतृत्वमा विसं २०५८ सालमा पहिलो पटक उत्खनन गरिएको बताउँदै पुरातत्वविद आचार्यले भने,- '२०५९ र २०६० सालमा निरन्तर उत्खनन भएको थियो, त्यसपछि द्वन्द्वको कारणले उत्खनन रोकियो, फेरि २०६६ देखि २०७२ सम्म उत्खनन भएको थियो, अहिले ८ वर्षपछि फेरि उत्खनन गर्न मेरै नेतृत्वमा टोली आयो ।'

यस अवधिसम्म यहाँ उत्खनन गर्दा दरबारको भग्नावशेष, किल्ला, पर्खाल, वाण, ढुङ्गाका भाँडाकुँडा, माटाका मूर्तिहरू र इँटा जस्ता पुरातत्विक वस्तु फेला परिसकेको छ । २०५९ मा पहिलो पटक उत्खनन गर्दा स्वस्तिक चिह्न भएको माटाको इँटा समेत यहाँ फेला परेको उनले बताए । यस पटकको उत्खनन गरिएको क्षेत्रमा रुखहरू भएकोले यी सबै रुख हटाउनु पर्ने, अहिले कायम रहेको क्लबको हल हटाउनु पर्ने, पुरानो किचकबधको मूर्ति स्थानान्तरण गर्नुपर्ने देखिएको बताउँदै पुरातत्व अधिकृत अधिकारीले भने- 'यो हटाएपछि आठौं उत्खननलाई पनि निरन्तरता दिन सरकारसँग बजेट माग गरेका छौं, आठौं उत्खननमा पनि केही ऐतिहासिक भग्नावशेष फेला पर्ने प्रबल सम्भावना चाहिँ छ ।'

यो स्थल गुप्तकाल अर्थात् इसाको पाँचौं शताब्दीसम्म कायमै रहेको र यस क्षेत्रमा पाँचौं शताब्दीमा आएको शक्तिशाली भूकम्पले सबै ध्वस्त भएकोले खण्डहरमा परिणत भएको अनुमान फ्रेन्च भूगर्भविद् सहितको एउटा टोलीले केही वर्ष अघिको अध्ययन भ्रमणमा गरेको बताइएको छ ।

यसअघि २०३५ सालमा मेची बहुमुखी क्याम्पसका इतिहास विषयका प्राध्यापक घनश्याम खनालको अगुवाइ इतिहासका विद्यार्थीले यस क्षेत्रमा उत्खनन गरेका थिए । त्यस वेला पुराना माटाका भाँडा, ठूला आकारका लुम्बिनीमा पाइएका जस्ता चेप्टा इँटालगायतका पुरातात्विक सामग्री फेला परेको क्याम्पसका पूर्व प्रमुख चिन्तामणि दाहालले जानकारी दिए ।

## ५३ ...

त्यस्तै एमाले र माओवादीका बहुमत ५३ जना सांसदले वैकल्पिक सरकार गठनको प्रक्रिया शुरु गर्न प्रदेश प्रमुखलाई निवेदन दिएका छन् ।

## सेक्युरिटी...

५०० गरी जम्मा ३ लाख ६७ हजार ५०० रुपैयाँ बराबरको चेक बिमा नियमावली अनुसार प्रदान गरिएको सिटीजन लाइफ इन्स्योरेन्स कम्पनीका क्षेत्रीय प्रमुख उत्तम कोइरालाले जानकारी दिए ।

चेक हस्तान्तरण कार्यक्रममा अस्पतालका प्रशासन प्रमुख दीप पौडेल, प्रशासक मनोज दाहाल, इन्स्योरेन्सका चन्द्रगढी शाखा प्रमुख विपीन राई लगायतको उपस्थिति रहेको थियो । अस्पतालमा लामो समयसम्म सेक्युरिटी गार्ड इञ्चार्ज रहेका बोगटीको गत माघ २९ गते बिहान हृदयाघातको कारण मृत्यु भएको थियो ।

## सेवा...

१०, १५ जना सेवाग्राही आउनुहुन्थ्यो। हामी दिनभरि फुर्सदमा हुन्थ्यौं तर अहिले सेवा दिन भ्याई नभ्याई हुने अस्पतालकी ल्याब असिस्टेन्ट गीता न्यौपाने बताइन् ।

अस्पतालमा सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएसँगै अस्पतालले सेवा विस्तारका साथै अस्पतालमा ओपीडीको समय समेत विस्तार गर्नु पर्ने सेवाग्राही बताउँछन् । अस्पतालले बिहान १० बजेदेखि ५ बजेसम्म मात्र सेवा प्रवाह गरिरहेको छ । यो समयमा नियमित औषधि सेवन गर्ने कर्मचारीलाई समस्या भएकोले सेवालाई विस्तार गरी २४सै घण्टा सञ्चालनमा ल्याउनु पर्ने सेवाग्राही खिबलाल कुइँकेल बताउँछन् ।

अस्पतालले स्वास्थ्य बिमाका साथै एमबीबीएस डाक्टर सहितको सेवा प्रवाह गरिरहेको छ । अस्पतालमा ल्याब, एक्स-रे सहितको सेवा सञ्चालनमा छ भने अबको केही महिनाभित्रै भीडीयो एक्स-रे समेत सञ्चालनमा आउने छ । सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएकोले थप भौतिक संरचना निर्माणमा समिति लागीपरेको छ ।

अस्पतालबाट बिमा सुविधाका साथै सम्पूर्ण सेवा प्रदान भइरहेको छ भने विरामीको माग अनुसार २४सै घण्टा सेवा सञ्चालन गर्ने विषयमा समेत अस्पताल प्रशासनबीच छलफल भइरहेकोले अब केही महिनाभित्रै थप सुविधा सहितको सेवा प्रवाह गर्ने तयारीमा लागेको मेडिकल सुपरिटेन्डेन्ट डा. फुलकचन्द्र लावतीले बताए ।

## वन...

वायु प्रदूषण हुने र प्रदूषणले आँखा पोल्ने समस्या हुनसक्छ ।

अमेरिकास्थित द नेशनल एरोनोटिक्स एण्ड स्पेस एडमिनिस्ट्रेसन (नासा)को वेवसाइटको तथ्याङ्कअनुसार सोमबार दिउँसो मुलुकका विभिन्न एक सय ३० स्थानमा डढेलो लागिरहेको छ । केही दिनदेखि नेपालमा सुक्खा बढिरहेको छ, तीन दिनयता वन डढेला पनि बढेको छ, आइतबार पनि एक सय पाँच स्थानका वनमा डढेलो लागेको थियो- उनले भने -बढ्दो डढेलोका कारण वायु प्रदूषण बढेको छ । सुक्खा अझै बढ्दै गए डढेलो नियन्त्रणमा समस्या आउनसक्छ । प्रदूषण नियन्त्रणका गर्नका लागि डढेलो नियन्त्रण गर्न जरुरी रहेको शर्माले बताए । वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गाना वायु गुणस्तर सुधारका लागि राज्यको पर्याप्त लगानी नहुनु, मानवीय चेतनाको कमी, अन्तरनिकायबीच समन्वयको अभावले समस्या उत्पन्न भएको बताउँछन् ।


## तु-विक्रीमा

**महेन्द्र राजमार्ग यातायात कर्मचारी कल्याण कोषद्वारा सञ्चालनमा रहेको मेची युनाइटेड यातायात प्रालिको मे१ख २१११ नं. बस तु-विक्रीमा छ ।**

**मोडल : २०१५**

**सम्पर्क** : ९८४२६५५६६७, ९८५२६६३६५८, ०२३-५६६०१३



## हार्दिक निमन्त्रणा

यही मिति २०८० साल चैत्र २७ गतेदेखि २०८१ साल **बैशाख ५ गतेसम्म श्रीमद्बाल्मिकीय रामायण नवाह महायज्ञ आचार्य पण्डित श्री शान्तिराम नेपालज्यू**को मुखारबिन्दबाट हुने भएकाले समस्त श्रद्धालु भक्तजनहरुलाई यस पाउपाथिभरा धाममा पाल्नु भई पुण्य आर्जन गरिदिनु हुन सादर अनुरोध गर्दछौं । चैत्र २७ गते बिहान ९ बजे शोभा कलश यात्रा, अपरान्ह १:०० बजे समुदघाटन, चैत्र २८ गतेदेखि दैनिक बिहान ६-७ बजे पूजा आरती,७:३० बजेबाट पाठपारायण, ११ बजेबाट ३ बजेसम्म कथा प्रवचन तत्पश्चात आरती पुष्पाञ्जली,सन्ध्याकालीन ६:३० बजेदेखि ९ बजेसम्म भजन किर्तन सत्संग महात्म्य, लक्ष्यवर्ती, पूर्णाहुती,सामुहिक ब्रतबन्ध, गुन्युचोली ।



**आयोजक :**

**श्री पाउ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रबर्द्धन समिति**

**मेचीनगर-१३, चारआली, झापा**



## Arjundhara Municipality Office, Jhapa

Sanischare Hospital

Koshi Province, Nepal

### Invitation for Electronic Bids

Date of publication: 2080/12/26 (08th April 2024)

The **Arjundhara Municipality** invites Electronic bids under e-procurement system for eligible bidders for the following works.

| S.N. | Description of Works | Type of Bid | Contract Identification No. | Bid Security (NRs) | Bid document fee(Nrs) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Reagents, Kits, Chemicals and Consumables for Sanischare Hospital | National Competitive Bidding | AMNCB/GOODS/03-080/81 | 14,85,000 | 5000 |

1. Eligible Bidders may obtain further information from website www.bolpatra.gov.np/egp.



## काठ सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथमपटक प्रकाशित मिति :- २०८०/१२/२७**

सुन्दर सा.व.उ.स., रोङ गा.पा. -४ इलामको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएका साल गोलिया थान ६५ को ७५०.५३ क्यु.फि. काठ, साल दाउरा १ चट्टा र साल बाकल ५००० के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्ने इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री सुन्दर सा.व.उ.स.
रोङ गा.पा. ४, इलाम







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# वैवाहिक बलात्कार : क्षयोन्मुख सदाचार


**विवाहपछि महिलामाथि हुने घरेलु तथा यौन हिंसालाई वैवाहिक बलात्कार भनिएको छ । वैवाहिक जीवन शुरु भएपछि श्रीमान्ले श्रीमती माथि यौन हिंसा गरेको अवस्थामा महिला अधिकारको कुरा पश्चिमा मुलुकहरुले पैसठ्ठी वर्षअघि उठाउन थालेका थिए । त्यसकै आधारमा विश्वका कतिपय देशहरुमा वैवाहिक बलात्कारका बारेमा कानून नै निर्माण गरिए । त्यसलगत्तै अर्ध विकसित देशहरुमा पनि यस विषयले प्रवेश पायो । त्यसकै परिणाम हो कि नेपालमा पनि २०६३ सालमा पहिलोपटक 'वैवाहिक बलात्कार'ले कानूनी मान्यता पायो । त्यही कानूनी व्यवस्था अनुसार वैवाहिक बलात्कार सम्बन्धी मुद्दा दर्ता हुन थाल्यो ।**

**मुलुकी ऐनमा संशोधन गरेर वैवाहिक बलात्कारलाई समेटिएपछि दर्ता हुन थालेको यो मुद्दा मानवीय संवेदना र पीडासँग जोडिएको छ । सत्र वर्षअघि कानून आकर्षित हुने गरी व्यवस्था गरिएको वैवाहिक बलात्कारको मुद्दा क्रमशः थपिँदै गएका छन् । चालू आर्थिक वर्षको शुरुको छ महिनामा मात्रै वैवाहिक बलात्कारका तीस वटा मुद्दा दर्ता भइसकेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । मुलुकी ऐन २०२० को जबरजस्ती करणीको महलको दफा ३ अनुसार श्रीमानले श्रीमतीलाई उसको राजीखुशी वा इच्छा विपरीत शारीरिक सम्पर्क गरेमा तीनदेखि पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । त्यस्तै मुलुकी अपराध संहिता ०७४ को दफा ११९ (४) मा वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा श्रीमानले श्रीमतीलाई करणी गरे पाँच वर्षसम्म कैद हुने उल्लेख छ । त्यही कानूनी व्यवस्थाको दुरुपयोग गरी 'बार्गेनिङ' गर्ने हतियार बनाउने गरेको अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरुको भनाइ छ ।**

**समाजमा वैवाहिक बलात्कारका घटना भएका होलान् । तर, वास्तविक पीडित सार्वजनिक नभइरहेका हुन सक्छन् । पीडितहरु आफ्ना अभिभावक, सामाजिक प्रतिष्ठा, मान्यता र इज्जतका लागि खुलेर बाहिर आउन सक्दैनन् । अनुसन्धानमा संलग्न अधिकृतहरुका अनुसार निहित स्वार्थका पछि लाग्ने महिलाहरुले कानूनी प्रावधानलाई हतियार बनाएर स्वार्थ पूरा गर्न लागीपरेका पनि छन् । विवाह यौनसम्पर्कलाई वैधानिक मान्यता दिने संस्कार हो । तर, सहमति बिना गरिने सम्पर्क बलात्कार नै हो । खासगरी शिक्षित परिवारमा बढी देखिन थालेको यो समस्याले उनीहरुका निरपराध सन्तानको भविष्य जोखिममा पर्ने देखिएको छ । पछिल्लो समय प्रविधिको उपलब्धता, प्रयोग र पहुँचले नेपाली समाज यस्ता अपराधजन्य मार्गमा उन्मुख भइरहेको सन्दर्भ नेपाली पारिवारिक तथा सामाजिक संरचनाका लागि सुखद् हुँदै होइन । त्यसैले आवेश, आवेग र आक्रोशलाई मत्थर पार्दै संयम, सदाचार र संस्कारयुक्त जीवन पद्धतिको अनुशरण गरेर मात्र यसको समाधान खोज्न सकिन्छ ।**

सन्दर्भ : शहीद रत्नकुमार बान्तवा ४५औं स्मृति दिवस

# शहीद रत्नकुमार बान्तवा र आजको नेकपा एमाले





**तीर्थराज खरेल**

शहीद रत्नकुमार बान्तवाको नाम पूर्वी नेपालको वामपन्थी आन्दोलनमा सगर्व लिइन्छ। आज शहीद रत्नकुमार बान्तवाको ४५औं स्मृति दिवस हो। शहीद आजसम्म बाँचेका थिए भने उनको ४५औं स्मृति दिवस हामी मनाइरहेका हुने थिएनौं। हामी त उनको ७२औं जन्मोत्सव मनाइरहेका हुने थियौं। सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्यव्यवस्था ल्याउन रत्नकुमार बान्तवाजस्ता महान शहीदको अत्युच्च भूमिका रहेको छ। चीनका महान् नेता माओत्सेतुङ्गले भने झैं सबै मानिस मर्न त एक दिन अवश्य नै मर्छन्। तर, कोही मानिस पहाड जस्तो ओजस्वी मृत्युवरण गर्छन् भने कोहीको मृत्युको खासै महत्त्व हुँदैन, कुखुराको प्वाँख जस्तो हल्का हुन्छ मृत्यु।

कम्युनिष्ट आन्दोलनका पूर्वका ध्रुबतारा शहीद रत्नकुमार बान्तवा (महेश)ले पनि पहाड जत्तिकै गह्रुँगो मृत्युवरण गरेका थिए र सगरमाथाजत्तिकै उचो गरिमा कायम गर्न सफल भएका छन्, नेपाली जनताका मन-मनमा। उनको जीवनलीला समाप्त पारेर उनको विचारको हत्या गर्न सकिन्छ भनेर पञ्चायती शासकहरु भ्रममा परेका थिए र झुक्किएका थिए। भौतिक शरीरको हत्या गरेर विचारको हत्या हुँदैन भनेर उनीहरूले बुझ्न सकेनन्। उनको हत्या गरेर सत्ता लम्ब्याउने एक दलीय तानाशाही राजतन्त्रीय शासकहरूले शहीद रत्नको हत्या गरेपछि आफ्नो शासन अकण्टक चल्छ भनेर सोचे । तत्कालीन शासकहरू शहीद रत्नको आदर्शसामु फिका लाग्छन् र आज तिनीहरू रछ्यानमा कतै गन्हाइरहेका छन्, तर रत्न सगरमाथा झैं ठाडो शिर गरेर ध्रुबतारा झैं अटल भएर चम्किरहेका छन्। शहीद रत्न जाहीजुही चमेली झैं जनताका हृदयमा सुगन्धित बनेर मुस्काइरहेका छन्।

वि.सं. २००६ सालमा मार्क्सवाद-लेनिनवादलाई प्रमुख मार्गनिर्देशक सिद्धान्त मान्दै पुष्पलाल श्रेष्ठको नेतृत्वमा स्थापित कम्युनिष्ट आन्दोलनको मूल प्रवाह नेपाल कम्युनिष्ट पार्टी (एमाले)नेपालमा यतिबेला सरकारको प्रमुख दलका रूपमा छ। आजको परिस्थिति निर्माण गर्नका लागि हजारौं शहीदको कुर्बानी र लाखौं जनताको पसिना र करोडौं जनताको समर्थन र सहानुभूति छ। नेपालमा यतिबेला मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने दलहरू दर्जनौं टुक्रामा विभक्त छन्। नेपाली समाजका विविध तप्काका जनसमुदायको दशकौंदेखिको सपना छ, यसका प्रभावकै कारण कम्युनिस्टहरू विस्तार भएका हुन्।

शहीद रत्न जनजनका मनमनमा सुवास छरिरहेका छन्। उनले लामो जीवन जिएनन्, तर पनि उनी अमर बने। २००८ चैत २७ गते इलामको चमैता गाविसको चित्रे गाउँमा जन्मेका रत्नकुमार नेपालका चर्चित वामपन्थी नेता थिए। प्राथमिक शिक्षा इलाम र पाँचथरमा पूरा गरेका बान्तवाले उच्च शिक्षा धरान र काठमाडौंबाट लिएका थिए। विद्यार्थीकालमा नै झापा आन्दोलनको प्रभाव यिनमा परेको थियो। २०३२ सालमा त्रिभुवन विश्वविद्यालयबाट बी.एड. गरेर इलाममा प्राध्यापन पेशाशुरू गरेका बान्तवाले केही समयमा नै सो पेशा छोडेर भूमिगत राजनीतिमा प्रवेश गरेका थिए। उनी २०३५ साल पुस ११ मा माओ जयन्तीको अवसर पारेर झापा विद्रोहीहरूको सक्रिय पहलमा दर्जनौं कम्युनिस्ट घटकहरू मिलेर स्थापित नेपाल कम्युनिष्ट पार्टी ( माले) को केन्द्रीय समितिमा संस्थापक सदस्य थिए।

नेपाली कम्युनिष्ट आन्दोलन र इतिहासमा सदैव सम्झिइरहने रत्नकुमारले पञ्चायती युगमा फरक विचार राख्दै चलाएको वामपन्थी आन्दोलन धेरैका लागि प्रेरणा बनेको थियो। बान्तवाका समकालीन मानिने थुप्रै कम्युनिस्ट नेता अहिले राष्ट्रिय राजनीतिको केन्द्रमा रहेका छन् र सत्ताको बागडोर सम्हालिरहेका पनि छन्। क्रान्तिकारी वामपन्थी राजनीतिबाट प्रेरित बनेर जिन्दगीभर देश र जनताका लागि कम्युनिष्ट विचार बोकेर हिँड्ने सङ्कल्पसहित ग्रामीण क्षेत्रमा गएर शिक्षण पेशा अपनाउने, यसो गरेर जनतासितको सम्बन्ध गाढा बनाउने, उनीहरूलाई सचेत र सङ्गठित गर्ने सोचाइ र योजनामा थिएउनी।

गोरो, होचो कद, हँसिलो अनुहार तर चिम्सा आँखा भएका मधुर स्वरका धनी बान्तवा सदैव कम्युनिस्ट साहित्यहरू जम्मा गर्ने, अध्ययन गर्ने, छलफल गर्ने, भविष्यमा कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन आफ्नो जीवन सम्पूर्ण रूपमा लगाउने जस्ता विषयमा केन्द्रित थिए। झापा आन्दोलनका साहित्य प्रकाशनहरू जम्मा गरेर अध्ययन गर्ने, विश्वसनीय साथीहरू बीच उतार गरेर वितरण गर्ने शहिद रत्न वैचारिक रूपमा परिपक्व र सुदृढ थिए। आफ्नो पारिवारिक पृष्ठभूमि र वर्ग-स्रोत, आफ्ना पिताको पुलिस सेवा र ब्यारेकीय जीवन, त्यहाँ आफूले प्राप्त गरेको प्रारम्भिक शिक्षा र जानकारी पाएको आधारभूत सुरक्षा सम्बन्धी तालिम, पिता अवकाश भएपछि पनि घरायसी स्थितिका दुःख-पीडाहरू, आमा र भाइ-बहिनीहरूले अरूकोमा गर्नुपरेको काम, यसै सिलसिलामा आफू स्वयम् पनि पढाइका लागि धरानका आफ्नै नाता पर्नेको घरमा कामदारका रूपमा रहेर गर्नुपरेको दुःख, त्यहाँ सहनुपरेको अपमान र त्यसलाई सहन गर्न नसकेर गरेको आत्महत्याको असफल प्रयास आदि सबै कुराले उनलाई सङ्घर्षशील जीवन यात्रामा अघि बढ्न कठोर बनाएको थियो।

क्यान्सरबाट पीडित बनेर जब आमाले मृत्युको काखमा पुग्नुपर्‍यो, आफूहरू निरीह बनेर छट्पटाई-छट्पटाई मर्दैगरेकी आमालाई हेरिरहन बाध्य बनेका आफ्ना दुःख, पीडा र सङ्घर्षका कथाहरू, आफूले सहनुपरेका अपमानका व्यथाहरू आफ्ना घनिष्ठ साथीहरूलाई सुनाउने रत्नकुमार सङ्घर्षले खारिएको दृढताको साक्षात् प्रतिमूर्ति थिए र जस्तासुकै अप्ठ्यारा कामका लागि पनि तत्पर भइहाल्ने रत्नको बानी थियो। 'दुःख पहिला आफ्ना लागि, सुख पहिला अरुका लागि' भन्ने कम्युनिस्ट आदर्श आज धेरै फिका लाग्छ। तर, शहीद रत्नकुमार त्यही कम्युनिस्ट आदर्शका प्रतीक थिए। उनी श्रमलाई आदर गर्ने र आफू पनि श्रमसँग जोडिने गर्दथे। सबै व्यक्तिगत स्वार्थ त्यागेर गरिब जनता र समाजको सेवा गर्ने लक्ष्यका साथ यथास्थिति विरुद्ध विद्रोहको आगो बोकेका रत्न एकैपटक धेरै काम गर्नसक्ने क्षमता र प्रतिभा सम्पन्न थिए। उनी मन छुने गीत र कविताहरू रचना गर्थे, लयात्मक ढङ्गले वाचन गर्ने र अत्यन्त सुमधुर स्वरमा गाउने गर्थे। उनी चित्रकारितामा पनि त्यत्तिकै सिद्धहस्त थिए। पाब्लो नेरूदा, माक्सिम गोर्की, लु स्यून, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा आदिका साहित्यबाट प्रभावित रत्नका लागि क्रान्तिकारीहरू, शहीदहरू, आन्दोलनमा उत्रिएका जनसमुदायको विशालपङ्क्ति, पसिना बगाउँदै श्रममा जुटिरहेका श्रमिकहरू आदि चित्रकारिताका विषय थिए।



२०३५ साल चैत २७ गते शहीद रत्नकुमार बान्तवाको हत्या भएको थियो। चैत २७ को बिहानीमा पूर्वी पहाडी जिल्ला इलामको इभाङ गाउँको जङ्गलको बाटोमा नेपालको सुन्दर भविष्यको सुन्दर सपना देखेर सदैव चिन्तनशील बन्दै आफ्नो सम्पूर्ण जीवन जनता र क्रान्तिका लागि अर्पण गर्ने कसम खाएर अघि बढिरहेका रत्नको छातीमा गोली दागिएको थियो। उनी नेपाली कम्युनिस्ट आन्दोलनको पूर्वीय आकाशको चम्किलो ध्रुबतारा हुन्। शहीद रत्नकुमारको विचार र आदर्शको सान्दर्भिकता अझ मुखरित भएको छ, उनको आदर्शको महत्ता समकालीन नेपाली राजनीतिमा अझ बढेर गएको छ। देउमाईको किनारमा तत्कालीन पञ्चायती शासकहरूले रत्नलाई कायरता र निचतापूर्वक गोली हानी हत्या गरेका थिए। देउमाई एक सानो नदीको नाम हो, तर देउमाईको किनार वामपन्थीका लागि सङ्घर्ष र बलिदानको प्रतीकको रुपमा आज पनि उभिएको छ। क्रान्तिकारी आन्दोलनको बिम्बको रुपमा देउमाईको किनार नेपालीहरूको हदयमा युगौंयुगसम्म रहनेमा सन्देह छैन।

आजको प्रश्न छ- शहिद रत्नले देखेको सपना पूरा भएको छ ?आजको समय विगतका महान इतिहासलाई आत्मसात गर्दै आजको नेपाल निर्माण गर्ने हो। दलाल नोकरशाही पुँजीवादको जालोमा जकडिएको र परनिर्भरतामा फँसेको मुलुकलाई आधुनिकीकरण, लोकतान्त्रीकरण र विश्वसामु स्वाभिमानपूर्वक अघि बढाउन जरुरी छ। त्यसका लागि शहीदको आदर्शलाई आत्मसात गर्न जरुरी छ। २७ वर्ष बाँचे पनि रत्नले कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन गरेको योगदान ठूलो छ। साहित्य लेखन र प्राध्यापनमा समेत जोडिएका रत्नका केही फुटकर सिर्जना अहिले पुस्तकमै भेटिन्छन्। बीसको दशकको उत्तरार्द्ध र तीसको दशकमा कम्युनिस्ट आन्दोलनको केन्द्र पूर्वी नेपाल थियो। कम्युनिस्ट आन्दोलनका एउटा सग्लो, समर्पित र उदाहरणीय व्यक्तित्व थिए रत्न। उनका विचार, कर्म, आदर्श तथा योगदानहरू आज पनि उत्तिकै प्रेरणादायी छन्। उनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसित सम्बन्धित साहित्यहरू मात्र होइन, देशभित्र सञ्चालित जनताका सङ्घर्षका विवरण, झापा सङ्घर्षका क्रममा र त्यससित सम्बन्धित जारी हस्तलिखित दस्तावेजहरू सङ्कलन गरेका थिए।

ग्रामीण क्षेत्रमा गएर गरीब किसान जनतालाई सचेत बनाउने र सङ्गठित गर्ने उत्कट चाहना र योजना अनुसार उनी ठोस योजना र कार्यविधिसहित आफूभित्रको क्रान्तिकारी भावनाको उर्लदो छालले तरङ्गित बन्दै तत्कालीन खुनी सत्ताको विपक्षमा तीब्र असन्तुष्टी र विद्रोहको जगमा उनी आफ्नो जन्मस्थल चित्रे फर्केका थिए। विकट गाउँमा गएर जनता र पार्टीको सेवा गर्नका लागि कम्युनिस्ट पार्टीले आफ्ना कार्यकर्तालाई गाउँ जान गरेको आह्वानले पनि उनलाई प्रेरणा दिने काम गरेको थियो। वास्तवमा रत्न एक महान् स्वप्नदर्शी नेता थिए। मनभरी ढकमक्क फूलेका र आँखाभरी फक्रेका सपनाका सुन्दर फूलहरू वास्तविक जीवनमा प्राप्त गर्न गाउँबस्तीका जनताका बीचमा पुगेर उनीहरूलाई चेतनशील बनाउने, सङ्गठित गर्ने र क्रान्तिको आधारभूमि बनाउने लक्ष्यका साथ उनी आफ्नो गाउँ फर्केका थिए। जन्मेकै महिना र गते मारिने, दुखजिलोमा बाँच्ने, देश हाँक्न सक्ने र राष्ट्रिय प्रतिभा आदि उपमाले चिनिने बान्तवाको योगदानलाई गुमनाम हुन नदिन पार्टी र नेतृत्व लाग्नुपर्नेमा त्यसो हुन सकेको छैन।

जनताका दुःखकष्टसँग सरोकार नराख्ने, आफ्नो स्वार्थका लागि क्रान्तिको गला रेट्ने, सुखसयलमा बसेर कम्युनिष्टका आदर्श छाँटेर मुलुकलाई बर्बाद गर्ने रातो झण्डा उचालेर झण्डाकै अपमान गर्ने निम्न पुँजीवादी मनोरोगी सुकिलामुकिलाहरूको दबदबा बढ्ने र दलाल पुँजीवादको दबदबा बढ्ने संशय नेपाली कम्युनिष्ट आन्दोलनमा छ। वैचारिक र सङ्गठनात्मक अराजकता बढेर गएको छ। कम्युनिष्ट आन्दोलनले दक्षिणपन्थी बाटो समात्ने उत्तिकै प्रबल सम्भावना छ। अबको कम्युनिष्ट पार्टीशहीद रत्नको आदर्शमा हिड्न सकेमा मात्र नेपाल र नेपालीको भविष्य सुरक्षित र सुनिश्चित हुन सक्ला।

आजको खुला परिवेश, लोकतान्त्रिक गणतन्त्रका लागि उनले आफ्नो जीवनको बलिदान दिएका हुन्। नेपालको भौगोलिक अखण्डता, समानता, स्वतन्त्रता र नेपाली जनताको खुशीयालीका लागि उनले आफ्नो जीवनको आहुति दिएका हुन् भन्ने सच्चाइलाई आजको नेतृत्वले बुझ्मेमा मात्र उनको बलिदानको सार्थकता हुन्छ।। यतिबेला नेपालका वामपन्थीहरुका सामु एउटा प्रश्न छ- उनका आदर्श, भावना र योजना अनुरूप मुलुक र कम्युनिष्ट पार्टी अगाडि बढिरहेको छ ? जनअपेक्षा अनुरूप पार्टी चलेमा मात्र शहीदको बलिदानका सार्थकता हुन्छ।

*tirthakharel2028@gmail.com*

# सिद्ध सरस्वती आविमा अक्षयकोष स्थापना



**पाचँथर, चैत २६।** फागुनन्द गाउँपालिका-५ नाङ्देरास्थित सिद्ध सरस्वती आधारभूत विद्यालयमा स्व. टंकप्रसाद गर्तौलाको स्मृतिमा दुई लाख एक हजार रुपैयाँको अक्षयकोष स्थापना गरिएको छ।

उनका छोराहरु समाजसेवी दुर्गा प्रसाद, केशवराज र राजन गर्तौलाद्वारा एक कार्यक्रमका बीच विद्यालयलाई रकम हस्तान्तरण गरेको विद्यालयका शिक्षक नवीन आचार्यले जानकारी दिए।

२०१३ सालमा स्थापना भएको वडाको सबैभन्दा जेठो विद्यालयको शैक्षिक उन्नतीमा सहयोग पुऱ्याउने उद्देश्यले यस स्कूलमा लामो समय शिक्षण पेश पश्चात अवकाश भइ विगत दुई वर्षअघि निधन भएका स्व. गर्तौलाको नाममा अक्षयकोष स्थापना गरिएको परिवारले जनाएको छ।

अक्षयकोषसँगै साना सहयोग समूह नेपालका अध्यक्ष समेत रहेका जेठा छोरा दुर्गा र भाई केशवराजले विद्यालयका २० जना बालवालिकालाई स्कूल पोशाक, ब्याग वितरण तथा अन्य शैक्षिक सामग्री प्रदान गरिएको प्रधानध्यापक भीमकुमारी सम्बाहाम्फेले बताइन्।

दमकमा २०७४ सालमा स्थापना भएको यस संस्थाले ग्रामीण भेगमा रहेका साना कक्षाका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गर्दै आएको छ। हालसम्म ४८ वटा विद्यालयमा सामाग्री वितरण गरेको अध्यक्ष गर्तौलाले बताए।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष टेकबहादुर चेम्जोङ अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि ५ नम्बर वडाध्यक्ष बिष्णुकुमार चेम्जोङको उपस्थिति रहेको थियो। जनकल्याण मावि कोल्बुङका प्रधानाध्यापक पूर्णकुमार सदेम्बा, स्थानीय बलीराज नेम्बाङ, पूर्व शिक्षक डिगम्वीर नेम्वाङ साथै वद्यालयका पूर्व प्रधानध्यापक कविन्द्र नेम्बाङले अक्षयकोष दाता परिवारलाई धन्यवाद दिए।

कक्षा १-५ सम्म पठनपाठन हुने यस विद्यालयमा ४ र ५ कक्षाका विद्यार्थी नभएकाले हाल १-३ मात्रै सञ्चालनमा आएको छ। दुई जना स्थायी शिक्षक, एक भाषा शिक्षक र एक जना बालविकासको शिक्षक गरी जम्मा चार जना रहेको विद्यालयमा विद्यार्थीलाई निरन्तर विद्यालय आने वातावरण बनाइदिन अभिभावक समक्ष अतिथिहरुले आग्रह गरेका छन्।

# लक्सम्बा लक्सम लोक्ताम कुलवंशको सभा




**शिवसताक्षी, चैत २६।** लक्सम्बा, लक्सम, लोक्ताम कूल वंश समाजले गालीश्राप बहन्ती (माङ्दे वदेम्मा) भित्तेपात्रो विमोचन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

लक्सम्बा, लक्सम, लोक्ताम कुल वंश समाज केन्द्रीय समितिको आयोजनामा शिवसताक्षी-१०, दोमुखामा कूल वंश साम्बा (पुरोहित)द्वारा मन्धुम वाचन गरी गालीश्राप बहन्ती पूजासहित शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो।

लक्सम्बा, लक्सम, लोक्ताम कुल वंश समाजका केन्द्रीय अध्यक्ष सुरजविक्रम लक्समको अध्यक्षता तथा शिवसताक्षी नपा-७ का वडाध्यक्ष भवानीविक्रम चेम्जोङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा समाजका केन्द्रीय उपाध्यक्ष रिमानध्वज लोक्तामले स्वागत गरेका थिए।

आफ्ना कुल वंशका पूर्वजहरुले जानी-नजानी गरेको गालीश्राप, पापादि बगाएर शुद्ध बन्ने विधिविधान धार्मिक अनुष्ठानसँगै तीन दाजुभाइ कुल वंशको भेटघाट गर्ने कार्यक्रमको आयोजना २०७१ सालदेखि हरेक तीन वर्षमा समाजले गर्दै आएको अध्यक्ष सुरजविक्रम लक्समले जानकारी दिए।

कार्यक्रममा कुल वंश समाजद्वारा प्रकाशित भित्तेपात्रो सार्वजनिक गर्नुका साथै संस्थामा योगदान गर्ने बेलायत निवासी वीरेन्द्र लोक्ताम, शम्सेर लक्सम, योगेन्द्र लक्सम, नरवीर लक्सम र समाजका हङकङ संयोजक शेरबहादुर लक्सम्बालाई कदरपत्रद्वारा सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि चेम्जोङ, समाजका केन्द्रीय सहसचिव बुद्धिमान लक्सम्बा, इलाम जिल्ला सभापति मदन लोक्ताम, झापा जिल्ला सदस्य क्षितिज लक्सम्बा लगायतले शुभकामना मन्तव्य राखेका थिए। जातीय नृत्य केलाङ प्रस्तुत गरिएको कार्यक्रममा गायक हिमाल लिम्बूले पालाम तथा गीत प्रस्तुत गरेका थिए।

समाजका सल्लाहकार समिति संयोजक सुरज लक्सम, सदस्य भरत लोक्ताम, बिजुलीप्रसाद योङहाङ, केन्द्रीय पदाधिकारी, झापा, इलाम, पाँचथर, मोरङ, ताप्लेजुङ, सुनसरी जिल्लाका विभिन्न पदाधिकारीको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन केन्द्रीय सचिव धर्म लक्सम्बाले गरेका थिए।

# सब्जी बोक्ने मिनिट्रकमा गाजा बरामद

**धनकुटा, चैत २६।** धनकुटाको साँगुरीगढी गाँउपालीका-६ भेडेटार चौकबाट मिनिट्रकमा लोड गरेर राखेको अवस्थामा ठूलो परिमाणको लागूऔषध गाँजा प्रहरीले बरामद गरेको छ।

सब्जी बोक्ने मिनिट्रकमा लागूऔषध गाँजाको ओसारपसार भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय भेडेटार धनकुटाबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले भेडेटार चोकमा रोकेर राखेको को १ ख ३२९४ नम्बरको मिनिट्रकलाई चेकजाँच गर्दा गाडीमा लोड भएको सब्जीको बोराभित्र प्याक गरी लुकाई-छिपाई राखेको अवस्थामा पाँच सय ४४ केजी लागूऔषध गाँजा बरामद गरेको हो।

गाँजा र सवारीसाधन नियन्त्रणमा लिइएको र ट्रकका चालक तत्काल फरार रहेकोले खोजतलास भइरहेको तथा अन्य थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ।

# झापा गापाको सात हजार हेक्टर जमिनमा मकै खेती



**झापा, चैत २६।** झापा गाउँपालिकामा किसानहरुले करिब सात हजार हेक्टर जमिनमा मकै खेती गरेको गाउँ कृषि शाखाले जनाएको छ।

गाउँपालिका उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष अञ्जु थपलियाका अनुसार किसानको खुशीको लागि गाउँपालिकाले मल, बीऊ, विषादी लगायतका सामग्रीहरु उपलब्ध गराउँदै आत्मनिर्भर बनाउन लागीपरेको छ। मकै, धान र तरकारी खेती गर्ने किसानलाई पालिकाले छ सय पाँच सिँचाइको लागि विद्युत महशुल तिरी दिँदै आएको छ।

झापा गाउँपालिकालाई प्रधानमन्त्री कृषि परियोजना मार्फत मकै पकेट जोन क्षेत्र घोषणा गरी किसानको खुशीको लागि उनीहरुलाई चाहिने आवश्यक मल, बीऊ र औजारमा गाउँपालिकाले अनुदान प्रदान गर्दै आएको कार्यवाहक अध्यक्ष थपलियाले जानकारी दिए।

कृषि शाखाका अनुसार गाउँपालिकाले मकै पकेट जोन क्षेत्र घोषणा गरेपछि मकै रोप्ने मेसिन, मकै छोडाउने मेसिन, स्प्रे ट्याङ्की, मकै सुकाउने झुल र सिँचाइको लागि मोटर अनुदान सहयोगमा उपलब्ध गराउँदै आएको छ।

पालिकाले सहयोग गरे सँगै झापा गाउँपालिकाभित्र बाझो जमिन देखिन छोडेको र किसानहरु उत्साहित हुँदै आत्मनिर्भर बन्दै गएको कृषि शाखा नायव प्राविधिक सहायक रीता बर्देवाले जानकारी दिइन्। उनका अनुसार यस बर्ष मात्र झापा गाउँपालिकाभित्र लगाइएको मकै क्षति नियन्त्रणको लागि शिविर सञ्चालन गरेको छ।

पालिकाभित्र आबद्ध ९२ वटा कृषि समूहलाई आवश्यक तालिम र अनुदानको व्यवस्था मिलाइएको समेत बर्देवाले जानकारी दिइन्। शाखाको अनुसार हजारौं विगाहमा लगाइएको मकै लाखौं मन उत्पादन हुन सक्ने बुझिएको छ।

# हाम्रो पाठशालाको पाँचौं वार्षिकोत्सव

**सुरुङ्गा, चैत २६।** कनकाई नगरपालिका-३ स्थित हाम्रो पाठशालाको पाँचौं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ।

विद्यालयका व्यवस्थापन समिति अध्यक्ष धर्मकला पौडेल (कोइराला)को अध्यक्षता, कलानिधि शिक्षा प्रतिष्ठानका संरक्षक इन्द्रमणि कोइरालाको विशेष उपस्थिति र अग्रज शिक्षासेवी भक्तिप्रसाद सङ्ग्रौलाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विद्यालयका शतप्रतिशत अभिभावकको उपस्थिति रहेको र हरेक विद्यार्थीको कम्तीमा एउटा प्रस्तुति रहेको थियो।

स्थानीय उद्योग वाणिज्य सङ्घको सभाहलमा सम्पन्न कार्यक्रममा नानीबाबुहरूले कविता, गीत तथा नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा कक्षा ३ का विद्यार्थीहरू अदिति उप्रेती र ब्रोनिस ढकालले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा प्रस्तुत गरिएको आमा अभिभावकको नृत्यलाई दर्शकले औधी रूचाएका थिए।

२०७५ साल चैत २५ गतेदेखि सात जना विद्यार्थीबाट शुरु भएको विद्यालयमा हाल दुई सय ६५ जना विद्यार्थी अध्ययनरत छन् भने २५ जना शिक्षक र ११ जना कर्मचारी कार्यरत रहेका छन्। हाल सो विद्यालयमा प्ले ग्रुपदेखि कक्षा ४ सम्म पठनपाठन भइरहेको छ भने शैक्षिक सत्र २०८१ देखि कक्षा ५ सुचारु गरिने भएको छ।

कनकाई नगर क्षेत्रमा उत्कृष्ट शैक्षिक संस्थाको रूपमा विकास गर्ने लक्ष्यका साथ स्थापित हाम्रो पाठशाला छोटो अवधिमै धेरै अभिभावकको



आकर्षणको विद्यालय बन्दै गएको छ।

काठमाडौं र झापाका विभिन्न शैक्षिक संस्थामा विविध भूमिकामा रही उच्च शैक्षिक अनुभव हासिल गरेका विद्यालयका संस्थापक प्रिन्सिपल अखिलकुमार कोइराला कनकाई नगर क्षेत्रमा एक अग्रणी शिक्षाकर्मीका रूपमा सुपरिचित रहेका छन्।

कार्यक्रममा प्रमुख अतिथि भक्तिप्रसाद सङ्ग्रौला, विद्यालय अभिभावक सङ्घका एकाइ सभापति शिवकुमार कँडेल लगायतले बाल मनोविज्ञानलाई ख्याल गर्दै व्यावहारिक सिकाइ सहजीकरण गरिने विद्यालयको रूपमा 'हाम्रो पाठशाला' एक भरपर्दो शैक्षिक संस्था बन्दै जाने विश्वास व्यक्त गरेका थिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू प्रमिला प्रसाईं, सुष्मा न्यौपाने, गोपालप्रसाद कोइराला, किशोरकुमार दाहाल, शिक्षक अभिभावक सङ्घका सदस्यहरू देवेन्द्र मैनाली, प्रतिमा सुवेदी लगायतको उपस्थिति रहेको थियो।

कन्काई माविका व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद प्रसाईं, प्रधानाध्यापक कर्णबहादुर डाँगी, मन्टेशरी एसोसिएसन अफ झापाका सचिव गोपालप्रसाद सङ्ग्रौला, भगवती साकोसका अध्यक्ष खेमप्रसाद प्रसाईं, कनकाई उद्योग वाणिज्य सङ्घका महासचिव सरोज सिटौला, सुरुङ्गा जेसीजका पूर्व अध्यक्ष सरला दाहाल, सुरुङ्गा डान्स सेन्टरका सञ्चालक अमन गुप्ता लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक मीरा प्रधानले गरेकी थिइन्।

# इलामेली समाज दक्षिण कोरियाद्वारा स्वास्थ्य सामग्री

☐ **युद्धबहादुर बोहोरा**

**इलाम, चैत २६।** इलामेली समाज दक्षिण कोरियाले इलाम जिल्ला १० वटै स्थानीय तहका ग्रामीण क्षेत्रमा २२ लाख बाराबरको स्वास्थ्य सामग्री वितरण गरेको छ।

ग्रामीण क्षेत्रमा स्वास्थ्य सामग्री सहयोगार्थ गत वर्ष सेक्टेम्बर ३० तारीखमा समाजद्वारा 'इलाम चियाबारी साँगीतिक धमाका २०२३' कोरियामा आयोजना गरेको थियो। नेपाली कलाकारहरु कोरियामा लगेर साँगितिक कार्यक्रमको गरेको यस कार्यक्रमबाट बचेको रकम जिल्लाको चार नगरपालिका र छ गाउँपालिका गरी जम्मा १० वटा स्थानीयतहमा सामग्री पुऱ्याएको छ।

२४ वटा स्वास्थ्य कार्यालयहरुमा एकै साथ सामग्रीसहित समाजले प्रकाशन गरेको नयाँ वर्ष २०८१ सालको क्यालेण्डर पनि हस्तान्तरण गरिएको समाजका अध्यक्ष टिका थेगिमले जानकारी गराए।

स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले समाजका प्रतिनिधिहरु मार्फत स्थानीय तहका सरोकारवालहरुलाई समान हस्तान्तरण गर्न चुलाचुली गाउँपालिकाको तोरीबारी, साक्फारा फुङ्नाममा चन्द्र बहादुर राई, माङ्सेबुङको लारुम्बा र गजुरमुखीमा नरेन्द्र कुमार राई र धडकन सम्बाहाम्फे, फाकफोकथुमको फुएतप्पा, ठिंगेपुर, एकतप्पामा दिपक योङहाङ र मिलन सम्बाहाम्फे, रोङमा राजन चाम्लिङ, सूर्योदय नगरपालिकामा प्रेम रिजाललाई प्रतिनिधि खटाएको थियो।

त्यसैगरी, माई नगरपालिकाको थाक्ले, सालबोटे,माई जोगमाईको सोयाङ र जोगमाई, सन्दकपुरको जमुना, माबु र फेमेगुरु इलाम नगरपालिकाको सुम्बेक, साँखेजुङ, बरबोटे र पिपलबोटे साथै देउमाई नगरपालिकाको चमैता, मैदाने र शान्तिडाँडा लगायत १५ स्थानलाई इलाम बजारबाट समाजका पूर्वअध्यक्ष दर्पण गुरुङ, वर्तमान कार्यसमिति सदस्य यामु राई र मानबहादुर लिम्बू लगायतको टिमले वितरण गरेको जनाइएको छ।

सूर्योदय र हरियाली इलामको पहिचान, पर्यटन प्रवर्द्धन र समाज सेवा हाम्रो अभियान भन्ने नारा लिएर सन् २०१४ मा इलाम घर भइ दक्षिण कोरियामा रहेका नेपालीले स्थापना गरेको संस्था हो। संस्थाले स्थापना कालदेखि नै दक्षिण कोरियामा स्थापित विभिन्न संघ-संस्थासँग हातेमालो, सहकार्य र भाइचाराको सम्बन्ध बनाउँदै कोरियामा आपत विपद्मा परेका नेपालीको उद्धार नेपालमा रहेका हरेक पीडित परिवारलाई सहयोग गर्दै आएको छ।

विदेशमा रहेर पनि नेपालमा बसोबास गर्ने नेपालीलाई हरेक क्षेत्रमा सहयोग गर्ने साथै आफ्नो भुगोलको भलाईमा हरपल एकजुट भएर शिक्षा, स्वास्थ्य, पर्यटन, विकास निर्माण लगायतमा साथ सहयोग गरिरहेको अध्यक्ष थेगिमको भनाइ छ।

# किराया अर्जुनधाराको सभा

**अर्जुनधारा, चैत २६।** किरात राई यायोक्खा अर्जुनधारा नगर समितिको २८औं साधारणसभा विविध कार्यक्रम गरी सम्पन्न भएको छ।

अर्जुनधारा-९ स्थित संस्थाको सभाहलमा समितिका अध्यक्ष विजय साम्पाङ राईको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि किराया झापाकी सहसचिव चीजा राईले उद्घाटन गरेकी थिइन्।

कार्यक्रममा अध्यक्ष विजय साम्पाङ राईले संस्थाको वार्षिक प्रगति प्रतिवेदन, सचिव सिंहबहादुर चाम्लिङ राईले संस्था अर्न्तगत रहेको सांस्कृतिक विभाग, संस्थाले हाल निर्माण गरिरहेको भवनसहित संस्थाको आय-व्यय विवरण र किरात राई कल्याणकारी बचत कोषको आर्थिक प्रतिवेदन कोषकी कोषाध्यक्ष भूपा थुलुङ राईले प्रस्तुत गरेका थिए।

प्रस्तुत प्रतिवेदनमा संस्थाको आय-व्यय विवरणतर्फ सात लाख सात हजार पाँच सय ९० रुपैयाँ, भवन निर्माणतर्फ जिन्सीबाहेक चार लाख ६७ हजार रुपैयाँ, सांस्कृतिक विभागतर्फ ६२ हजार चार सय ९८ रुपैयाँ र किरात राई कल्याणकारी बचत कोषतर्फ २१ लाख ५९ हजार पाँच सय तीन रुपैयाँ बराबरको आर्थिक कारोबार भएको उल्लेख गरिएको छ।

कार्यक्रममा संस्थाको हाल निर्माण भइरहेको भवनको लागि अर्जुनधारा-९



निवासी ड्रकसिंह वान्तवा राईबाट एक लाख छ हजार रुपैयाँ, अर्जुनधारा-९ निवासी ललिता बान्तवा राईबाट ६६ हजार तीन सय रुपैयाँ, अर्जुनधारा-४ निवासी मीना राईबाट ११ हजार एक सय १५ रुपैयाँ र अर्जुनधारा-७ निवासी डम्बरसिंह वान्तवा राईबाट १० हजार पाँच सय रुपैयाँ नगद सहयोग प्राप्त भएको सचिव सिंहबहादुर चाम्लिङ राईले जानकारी दिए।

त्यसैगरी भवन निर्माणमा सहयोग पुऱ्याउने ११ जना दातालाई कार्यक्रममा सम्मान पत्रसहित सम्मानित गरिएको थियो। यसरी सम्मानित हुनेहरुमा अर्जुन साम्पाङ राई, इन्द्रबहादुर चाम्लिङ राई, कृतिमान साम्पाङ राई, डम्बरसिंह बान्तवा राई, ड्रकसिंह वान्तवा राई, मानबहादुर राई, मीना राई, ललिता वान्तवा राई, लीला पुमा राई, सिद्धीमान राई र हिमालध्वज साम्पाङ राई रहेका छन्।

कार्यक्रममा अर्जुनधारा नगर कार्यपालिका सदस्य नरेन्द्र कोयु राई, नेपाल आदिवासी जनजाति महासंघ अर्जुनधाराका कार्यवाहक अध्यक्ष सिर्जलाल चौधरी, संस्थाका सल्लाहकारद्वय कुसुम थुलुङ राई र भोजबहादुर वान्तवा राई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

समितिकी उपाध्यक्ष भूपा थुलुङ राईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव सिंहबहादुर चाम्लिङ राईले गरेका थिए।

# मेवाखोलामा कक्षा ८ बाट पाँच जना मात्र उत्तीर्ण

**फुङ्लिङ, चैत २६।** ताप्लेजुङको मेवाखोला गाउँपालिकाले लिएको कक्षा ८ को वार्षिक परीक्षामा पाँच जना विद्यार्थी मात्र उत्तीर्ण भएका छन्।

परीक्षामा सहभागी एक सय ७८ विद्यार्थी मध्ये पाँच जना विद्यार्थी उत्तीर्ण भएका हुन्। गाउँपालिकामा आठ वटा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ का विद्यार्थी परीक्षामा सामेल थिए। जसमध्ये चार वटा विद्यालयका विद्यार्थी निल भएको मैवाखोला गाउँपालिकाका शिक्षा शाखाले जनाएको छ।

शाखाका अनुसार ग्रेड वृद्धिका लागि परीक्षासमेत दिन नपाउने दुई वटा सामुदायिक विद्यालय रहेका छन्। दुई वटा विषयमा अनुत्तीर्ण हुने २५ जना विद्यार्थीले मात्र ग्रेड वृद्धिका लागि परीक्षा दिन पाउने भएका हुन्। आउँदो वैशाख १० गते ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्ने गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले परीक्षा सञ्चालन गर्न विषय विज्ञको व्यवस्था गरी प्रश्नपत्र बनाएर परीक्षा सञ्चालन गरिएको मैवाखोला गाउँपालिका अध्यक्ष विजयप्रकाश बनेमले बताए। उत्तरपुस्तिका समेत गाउँपालिका बाहिरका विषय विज्ञ शिक्षकबाट मूल्याङ्कन गरी परीक्षाफल सार्वजनिक गरिएको गाउँपालिकाले जनाएको छ।

'शिक्षा जस्तो संवेदनशील क्षेत्र तथा राज्यको ठूलो लगानी भएका क्षेत्रमा निराशाजनक परीक्षाफलले सिङ्गो सामुदायिक विद्यालयको अवस्था छर्लङ्ग पारेको छ' - अध्यक्ष बनेमले भने- 'विद्यार्थी, शिक्षक, अभिभावक, जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण शिक्षाप्रेमी र नागरिक समाजले गम्भीर भएर सोच्नुपर्ने बेला भएको छ।'

यो परिणामले सामुदायिक विद्यालयको वास्तविक अवस्था देखिएको र आगामी दिनका लागि योजना बनाउन मद्दत पुग्ने गाउँपालिकाले जनाएको छ।

पूर्वाञ्चल दैनिक पत्रिकाको अनलाइन
purwanchaldaily.com
मा गएर ताजा समाचार पढौं।

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) सन्तोष | जीवन कार्की |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
**सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**मेचीनगर नगरपरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, कोशी (झापा)को**

## सँधियारको नाममा जारी ७ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १० मा बस्ने कित्ता नं. ३३० क्षेत्रफल १६६.९५ बिगाह-कठ्ठा-धुरमा भवन निर्माण गर्ने घरधनी श्री चमेली खड्काको घर / कम्पाउण्ड वालको नक्सा पास तथा निर्माण इजाजत प्रयोजनको सिलसिलामा मेचीनगर नगरपालिका कार्यालयको शाखा दर्ता नं. १७२४ मिति २०८०-०८-१७ गते प्रकाशित १५ दिने सन्धी सर्पन बारेको घरधनीले सँधियारलाई बुझाई एकप्रति सूचना हामीहरुको रोहवरमा निर्माणस्थलको सबैले देखे ठाउँमा टाँस गरेको ठीक हो।

**तपशिल**
१. पूर्वपट्टि सँधियार श्री बाटो
२. पश्चिमपट्टि सँधियार श्री बाटो
३. उत्तरपट्टि सँधियार श्री बालकुमार उप्रेती
४. दक्षिणपट्टि सँधियार श्री कल्पना कार्की

**साक्षीहरु**
१. श्री सन्तोष शाहा
२. श्री बिमला चौधरी
३. श्री सुनिता दर्नाल
४. श्री दिपक शाहा



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा बृद्धिहुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आज तपाईको मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभ हुनुका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज तपाईको मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, आज बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।